२०७३ साल कात्तिक १९ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सार्बजनिक खरिद पुनरावलोकन समितिका अध्यक्ष र सदस्यको पारिश्रमिक क्रमशः ५४५९०।— र ४६१२०।— तोक्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय—ICIMOD Board of Governors Meeting, २०१६ वैठकमा नेपाल सरकारलाई कुनै किसिमको आर्थिक दायित्व नपर्ने गरी राष्ट्रिय योजना आयोगका मा. उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठलाई भाग लिन स्वीकृति दिने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— Envisioning Nepal, 2030 Study Visit कार्यक्रम अन्तर्गत राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष तथा सदस्यहरु र सदस्य सचिवको भ्रमण स्वीकृत गर्ने ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि वातवार प्रभाव मूल्यांकन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्मा आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

५. अर्थ मन्त्रालय— निक्षेप तथा कर्जा सुरक्षण कोषको सञ्चालक समितिको अध्यक्षमा अर्थ मन्त्रालयका सचिव (राजश्व) श्री राजन खनाललाई तोक्ने।

६. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय — नेपाली काँग्रेसका मुख्य सचेतक तथा सचेतकलाई संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन , २०५२ बमोजिम सत्ता पक्षको मुख्य सचेतक तथा सचेतक सरह पारिश्रमिक र सुविधा उपलब्ध गराउने ।

७. रक्षा मन्त्रालय— प्राविधिक प्रमुख सेनानी डा लिलाराज कोइरालालाई प्राविधिक महा सेनानी दर्जामा. विशेष बढुवा गर्ने ।

८. शिक्षा मन्त्रालय— ख्वप विश्वविद्यालय विधेयक व्यवस्थापिका संसद समक्ष पेश गर्ने स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — वाग्लुङ जिल्ला सरकुवा गा .वि.स. वडा नं . २ मादीका अमिट के.सी. लाई दृष्टिविहीनका रुपमा विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि रु ५,००,०००।-नेपाल सरकारका तर्फबाट आर्थिक सहयोग उपलब्ध गराउने ।

१०. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय— नेपालको संविधानको धारा २५५ बमोजिमको राष्ट्रिय दलित आयोग गठन भएपछि स्वतः खारेज हुने गरी उपेक्षित , उत्पीडित र दलित वर्ग उत्थान विकास समितिको कार्यकारी निर्देशक पदमा श्री वुद्धि वहादुर नेपाली लाई मनोनयन गर्ने ।

११. स्वास्थ्य मन्त्रालय— चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान , वीर अस्पताल , काठमाडौंमा कार्यरत प्रमुख कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट डा.रेशम बहादुर रानाले दिनु भएको राजीनामा स्वीकृत गर्ने।

१२. स्वास्थ्य मन्त्रालय— स्वास्थ्य मन्त्रालय अन्तर्गतका विकास समितिमा पदाधिकारीको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने।

१३. मित्रराष्ट्र जनवादी गणतन्त्र चीनका लागि नेपालको आवासीय राजदूत पदमा नियुक्त हुनुभएका पूर्व मुख्यसचिव श्री लीलामणि पौड्याललाई मन्त्रीसरहको सुविधा प्रदान गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०७३ साल कात्तिक ११ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — Asian Ministerial Conference on Disaster Risk Reduction (AMCDRR 2016) मा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत श्री सुशिल ज्ञवालीलाई सहभागी हुन स्वीकृति दिने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त डा सावित्री थापा गुरुङलाई . भुटानको थिम्पुमा आयोजना हुने 21st Steering Group Meeting र 14th Regional Seminar of the ADB/OECD Anti-Corruption Initiative for Asia and the Pacific विषयक कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — प्रधानमन्त्रीकोप्रशासनिक सल्लाहकारमाहाल भरतपुर उपमहानगरपालिका वडा नं. २५ बस्ने श्री नारायणप्रसाद दाहाललाई नियुक्तगर्ने।

४. अर्थ मन्त्रालय— बोनस (पाचौं संशोधन) विधेयक, २०७३" को मस्यौदा स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

५. अर्थ मन्त्रालय— सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण नियमावली, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद् विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

६. अर्थ मन्त्रालय— रूपैयाँ ५ र रूपैयाँ १० दरको नोटको डिजाइन परिवर्तन गर्न स्वीकृति दिने ।

७. अर्थ मन्त्रालय— नेपाल सरकारलाई खाद्यान्न सहयोग कार्यक्रम विस्तार गर्न जापान सरकारले उपलब्ध गराउने अनुदान सहायता स्वीकार गर्ने ।

८. अर्थ मन्त्रालय — प्रभावकारी विकास सहायताको लागि विश्वव्यापी साझेदारीको दोस्रो उच्चतहको बैठकमा माननीय उपप्रधान तथा अर्थमन्त्रीज्यूको नेतृत्वमा एक प्रतिनिधिमण्डल केन्या पठाउने ।

९. उद्योग मन्त्रालय— घरेलु तथा साना उद्योग विकास समितिको सञ्चालक समितिको अध्यक्ष पदमा श्री दिपेन्द्र आचार्यलाई नियुक्त गर्ने ।

१०. ऊर्जा मन्त्रालय— राष्ट्रिय जलस्रोत विकास परिषद्को पुर्नगठन गर्ने ।

११. ऊर्जा मन्त्रालय — बुढीगण्डकी जलविद्युत आयोजनाको वातावरण , मुआब्जा वितरण , पुनर्वास तथा पुनर्स्थापना इकाइ कार्यविधि, २०७३ इकाइलाई आवश्यक पर्ने कर्मचारी व्यवस्थापन प्रचलित कानून र प्रक्रियाबमोजिम गर्ने गरी र इकाइ प्रमुखको कार्याबधी बढीमा २ वर्ष हुने गरी स्वीकृत गर्ने ।

१२. गृह मन्त्रालय— इण्डोनेशियाको बालीमा हुने INTERPOL को ८५ औं महासभामा भाग लिन प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्याल, प्रहरी अतिरिक्त महानिरीक्षक विज्ञानराज शर्मा र पर्यवेक्षकका रुपमा सशस्त्र प्रहरी महानिरीक्षक दुर्जकुमार राईलाई सहभागी हुन स्वीकृति दिने ।

१३. गृह मन्त्रालय— छिमेकी मित्रराष्ट्र भारतका महामहिम राष्ट्रपति श्री प्रणव मुखर्जीज्यूको नेपाल आगमनको दिन मिति २०७३।७।१७ गते बुधबारका दिन नेपाल राज्य भरका सबै सरकारी कार्यालयहरू एवं विदेशस्थित नेपाली नियोगहरु समेतमा सार्वजनिक, विदा दिने ।

१४. गृह मन्त्रालय— सशस्त्र प्रहरी बल, नेपाललाई पोशाकको रङ्ग तथा चिन्ह परिबर्तन गर्न स्वीकृति दिने।

१५. जनसङ्ख्या तथा वातावरण मन्त्रालय — मोरोक्कोको माराकासमा आयोजना हुने जलवायु परिवर्तन सम्वन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धि अन्तर्गतका पक्षराष्ट्रहरुको २२ औं सम्मेलन अन्तर्गतको उच्चस्तरीय सत्रमा माननीय जनसंख्या तथा वातावरण मन्त्री जयदेव जोशीलाई सहभागी हुन स्वीकृति दिने ।

१६. परराष्ट्र मन्त्रालय— भारतका राष्ट्रपति महामहिम श्री प्रणव मुखर्जीको नेपालको राजकीय भ्रमण विषयको प्रस्तावमा लेखिएबमोजिम गर्ने । सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको मैत्रीपूर्ण निमन्त्रणामा भारतका महामहिम राष्ट्रपति श्री प्रणव मुखर्जीले यही कार्तिक १७ देखि १९ सम्म नेपालको राजकीय भ्रमण गर्नुहुने कार्यक्रम रहेको सम्बन्धमा भ्रमणको कार्यक्रम अनुमोदन, भ्रमणको तयारीको लागि विभिन्न निकायहरुले गर्ने कामको बाँडफाँड गर्ने।

१७. भूमिसुधार तथा व्यवस्था मन्त्रालय— ललितपुर जिल्लाको कार्यविनायक नगरपालिकालाई जग्गा लिजमा दिन स्वीकृति दिने विषयको प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१८. भूमिसुधार तथा व्यवस्था मन्त्रालय — हदबन्दी भन्दा बढी जग्गा छुटदिने सम्बन्धी आदेश , २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — बडीचौर–गुटु सडक सुर्खेतलाई रणनैतिक सडक सञ्जाल (SRN) F170 बाट हटाई स्थानीय सडक सञ्जाल (LRN) मा कायम गर्ने ।

२०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — पुष्पलाल लोकमार्ग अन्तर्गत बैतडी जिल्लामा पर्ने खण्ड मध्ये रेखाङ्कन छेला-देवलहाट-भाटिपौडा कायम गर्ने ।

२१. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय — महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ को छैटौं आवधिक प्रतिवेदन CEDAW समितिमा पठाउने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२२. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय — "Study Tour Program to Sri Lanka for Nepal Integrated Platform For Gender Based Violence Prevention and Response Project" विषयक अध्ययन भ्रमणमा नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी राष्ट्रिय महिला आयोगको कार्यवाहक अध्यक्ष श्री भगवती घिमिरेको नेतृत्वमा सहभागी हुन स्वीकृति दिने।

२३. युवा तथा खेलकुद मन्त्रालय— सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७३ र सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता आर्थिक कार्यविधि, २०७३ स्वीकृत गर्ने ।

२४. युवा तथा खेलकुद मन्त्रालय — प्रथम पोष्ट बहादुर बोगटी स्मृति महिला तथा पुरूष बक्सिङ प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि "पोष्टबहादुर बोगटी स्मृति प्रतिष्ठान, नागर्जुन-३, काठमाडौंलाई" रू.१०लाख आर्थिक सहायता उपलब्ध गराउने।

२५. रक्षा मन्त्रालय— महा सेनानी रामकृष्ण थापालाई सहायक रथी दर्जामा मानार्थ बढुवा गर्ने ।

२६. वन तथा भू-संरक्षण मन्त्रालय— गणेशमान सिंह मार्ग (थानकोट-चित्लाङ) सडक योजनाको स्तरोन्नति गर्ने कार्यका लागि वनक्षेत्रको जग्गा प्रयोग गर्न र रुखबिरुवाहरु हटाउन स्वीकृति दिने ।

२७. सूचना तथा सञ्चार मन्त्रालय— 2016 Government 3.0 Global Forum मा राष्ट्रिय सूचना आयोगका प्रमुख

सूचना आयुक्त श्री कृष्णहरि बाँस्कोटालाई भाग लिन स्वीकृति दिने ।

२८. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

क्र.सं	नाम, थर	साविक पद र कार्यालय	सरुवा भएको पद र कार्यालय
१.	श्री मधुसुधन अधिकारी	सचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण	सचिव, जल तथा ऊर्जा आयोग
२.	श्री भीमप्रसाद उपाध्याय	सचिव, जल तथा ऊर्जा आयोग	सचिव, खानेपानी तथा सरसफाई मन्त्रालय
३.	श्री सञ्जय शर्मा	सचिव, खानेपानी तथा सरसफाई मन्त्रालय	सचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

२९. सुदुरपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय , दिपायलका क्षेत्रीय प्रशासक श्री लोकप्रसाद आचार्यले दिनुभएको राजीनामा स्वीकृत गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०७३ साल कात्तिक ५ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को० कार्यालय— Micronutrient Forum Global Conference, २०१६ विषयक कार्यक्रममा नेपाल सरकारलाई कुनै किसिमको आर्थिक दायित्व नपर्ने गरी राष्ट्रिय योजना आयोगका मा. सदस्य प्रा.डा. गीताभक्त जोशीलाई भाग लिन स्वीकृति दिने ।

२. अर्थ मन्त्रालय— मलेसियाको क्वालालम्पुरमा आयोजना हुने बालअधिकार सम्बन्धी तेस्रो एसिया प्यासिफिक उच्चस्तरीय बैठकमा माननीय उपप्रधान तथा अर्थमन्त्रीको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल सहभागी गराउने ।

३. अर्थ मन्त्रालय— रूपैया ५०० दरको नोटको डिजाइन परिवर्तन गर्न स्वीकृति दिने ।

४. ऊर्जा मन्त्रालय— सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजना तथा सुनकोशी स्टोरेज कम डाइभर्सन आयोजनाको लागि आ.व.२०७३।७४ को निमित्त राजपत्राङ्कित तर्फका विभिन्न सात वटा पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

५. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय — श्रीलंकाको ल कमिसन, न्याय मन्त्रालय र Attorney General's Office को भ्रमणको लागि नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेलको नेतृत्वको टोलीलाई सहमति प्रदान गर्ने ।

६. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय — कार्यादेश (TOR) अनुसार कार्य गर्न ३ (तीन) सदस्यीय विज्ञ समूहमा पूर्व कानून सचिवद्वय श्री तीर्थमान शाक्य , श्री हरिप्रसाद न्यौपाने र अधिवक्ता श्री रविन सुवेदीलाई २०७४ असार मसान्तसम्मको लागि नियुक्ति गर्ने अधिकार कानुन , न्याय तथा संसदीय मामिला मन्त्रालयलाई दिने ।

७. कृषि विकास मन्त्रालय — प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

८. कृषि विकास मन्त्रालय— चालु आर्थिक वर्ष २०७३।०७४ को लागि १०५ (एक सय पाँच) संख्यामा राजपत्रांकित पदहरुको अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

९. गृह मन्त्रालय— भारतको राजधानी नयाँदिल्लीमा आयोजना हुने विपद् जोखिम न्यूनिकरण सम्बन्धि एशियाली मन्त्रिस्तरीय सम्मेलनमा माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री विमलेन्द्र निधिज्यूको नेतृत्वमा सहभागी हुन स्वीकृति दिने।

१०. परराष्ट्र मन्त्रालय— नेपाल-भारत द्विपक्षीय आर्थिक तथा विकास सहयोगका परियोजनाहरुको अनुगमन र शीघ्र कार्यान्वयन सम्बन्धी निगरानी संयन्त्रमा नेपाल सरकारका तर्फबाट अधिकारीहरु तोक्ने ।

११. परराष्ट्र मन्त्रालय— नेपाल-भारत संयुक्त आयोगको चौथो बैठकमा भाग लिन मा.मन्त्रीको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलको गठन गर्ने ।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — रसियाको मस्कोमा आयोजना हुने यातायातसम्बन्धी मन्त्रीस्तरिय सम्मेलनमा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको नेतृत्वमा प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

१३. रक्षा मन्त्रालय— नेपाली सेनाले उपयोग गरेको जग्गाको चार किल्ला सच्याई नेपाल राजपत्रमा संशोधन सूचना प्रकाशन गर्ने ।

१४. रक्षा मन्त्रालय— रथी डा. यादव विष्टसमेतको पदावधि थप गर्ने ।

१५. रक्षा मन्त्रालय— नेपाली सेनालाई सामुहिक तालिम तथा सैनिक अभ्यासको लागि वार्ता द्वारा जग्गा प्राप्त खरिद गर्न स्वीकृति दिने ।

१६. रक्षा मन्त्रालय— नेपाली सेनाका उपरथी श्री देवकुमार सुवेदीलाई African Union-United Nations Hybrid Operation in Darfur (UNAMID) मिशन सुडानको Deputy Force Commander पदमा नियुक्तिको लागि प्रतिस्पर्धा गर्न स्वीकृति दिने ।

१७. रक्षा मन्त्रालय— माननीय रक्षामन्त्री श्री बालकृष्ण खाणको नेतृत्वमा पेरिस जाने प्रतिनिधिमण्डलको भ्रमण स्वीकृति गर्ने ।

१८. रक्षा मन्त्रालय— प्रमुख सेनानी सुरेश गुरूङ्गसमेतको पदोन्नति गरी पदस्थापन गर्ने ।

१९. रक्षा मन्त्रालय— नेपाली सेनाका उपरथी श्री हेमन्तराज कुँवरलाई मेडल परेड कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

२०. रक्षा मन्त्रालय— नेपाल सेनाका प्रधान सेनापति राजेन्द्र क्षत्री सहितको भ्रमण दललाई बंगलादेश भ्रमणमा जान स्वीकृति दिने ।

२१. रक्षा मन्त्रालय— नेपाली सेनाका उपरथी श्री जगदिशचन्द्र पोखरेललाई MINURSO मिशनमा Force Commander को नियुक्तिमा प्रतिस्पर्धा गर्नको लागि स्वीकृति दिने ।

२२. वन तथा भूसंरक्षण मन्त्रालय— हेटौंडा-ढल्केबर-दुहवी ४०० के.भी. विद्युत प्रसारणलाईन आयोजना (दोस्रोखण्ड) को राइट अफ वे (ROW) निर्माण तथा संचालनका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न र रुखविरुवाहरु हटाउन स्वीकृति दिने।

२३. वन तथा भूसंरक्षण मन्त्रालय — मेक्सीकोमा आयोजना हुने संयुक्त राष्ट्र संघिय जैविक विविधता महासन्धिको पक्ष राष्ट्रहरुको तेह्रौं सम्मेलनको मन्त्रीस्तरिय सत्रमा माननीय वन तथा भू-संरक्षण मन्त्रीको नेतृत्वमा रहेको प्रतिनिधि मण्डललाई भाग लिन स्विकृति दिने ।

२४. श्रम तथा रोजगार मन्त्रालय— अन्तराष्ट्रिय श्रम संगठन (International Labor Organization, ILO) को Governing Body को चुनावमा नेपालले उम्मेदवारी दिने ।

२५. संस्कृति, पर्यटन तथा नागरिक उड्डमयन मन्त्रालय — World Travel Market (WTM) - 2016 मा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनबहादुर शाहीलाई सहभागी हुन स्वीकृति दिने ।

२६. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय — माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीलाई आवश्यक सहयोग तथा सल्लाह सुझाव दिन नेपाल सरकारको राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) स्तरका कर्मचारीले पाए सरहको सेवा सुविधा पाउने गरी एक जना सल्लाहकारको दरवन्दी सिर्जना गर्ने र उक्त पदमा बढीमा माननीय मन्त्रीज्यूको कार्यावधिभर सम्म रहने गरी माननीय मन्त्रीवाट नियुक्त गर्न स्वीकृति दिने ।

२७. सामान्य प्रशासन मन्त्रालय— परराष्ट्र मन्त्रालय र अन्तर्गतको दरवन्दी र संगठन संरचना स्वीकृति गर्ने।

२८. सामान्य प्रशासन मन्त्रालय — बेइजिङमा आयोजना हुने Seminar on Building in Capability of Governance for Ministerial Officials of Nepal in 2016 (Secretary Level) वरिष्ठ सचिव श्री नारायण गोपाल मलेगोको नेतृत्वमा विभिन्न मन्त्रालयका प्रतिनिधिहरु समेतको २० (बीस) सदस्यीय

प्रतिनिधिमण्डललाई स्वीकृती प्रदान गर्ने ।

२९. सामान्य प्रशासन मन्त्रालय — केन्यामा आयोजना हुने संघीयता कार्यान्वयनको सन्दर्भमा प्रशासनिक पुनःसंरचना सम्बन्धी उच्चस्तरीय अध्ययन भ्रमणमा सामान्य प्रशासन मन्त्री माननीय श्री केशवकुमार बुढाथोकीको नेतृत्वको अध्ययन टोलीलाई स्वीकृति प्रदान गर्ने ।

३०. सिंचाइ मन्त्रालय— विकास आयोजना/कार्यक्रमको लागि अस्थायी दरबन्दी स्वीकृति गर्ने ।

३१. स्वास्थ्य मन्त्रालय— स्वास्थ्य मन्त्रालय अन्तर्गतका सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३२. कृषि विकास मन्त्रालयका सचिव श्री उदयचन्द्र ठाकुर उमेर को हदको कारणबाट मिति २०७३।७।१८ देखि अनिवार्य अवकास प्राप्त गर्नु हुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

३३. नेपाल लेखापरीक्षण सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कितविशिष्ट श्रेणीको उप-महालेखापरीक्षक पदमा राजपत्राङ्कित प्रथम श्रेणीका श्री बाबुराम गौतम र श्री ईश्वर नेपाललाई बढुवा गरी महालेखापरीक्षकको कार्यालयमा पदस्थापनगर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।